राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक

ने.रा. बैंकबाट 'क' वर्गको इजाजत पत्र प्राप्त संस्था

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
केन्द्रीय कार्यालय

# नियुक्तिका लागि योग्यताक्रम सिफारिस तथा पदस्थापन गरिएको सूचना (खुला प्रतियोगिता)

मिति २०८१।०६।१०

यस बैंकको प्रदेशगत रुपमा सम्बन्धित प्रदेश र सो अन्तर्गतका कार्यालयहरुमा कम्तिमा ५ वर्ष काम गर्ने गरी निम्न विज्ञापन नं., तह, पद र पद संख्यामा पदपूर्ति गर्न मिति २०८०।०३।०८ मा प्रकाशित विज्ञापन अनुसार श्री लोक सेवा आयोगद्वारा सञ्चालित लिखित परीक्षाबाट उत्तीर्ण भई मिति २०८१।०६।१० गते सञ्चालित अन्तर्वार्तामा सहभागी उम्मेदवारले लिखित परीक्षा र अन्तर्वार्तामा प्राप्त गरेको प्राप्ताङ्कको आधारमा यस बैंकको पदपूर्ति समितिको निर्णयानुसार तपसिलका रोल नं. तथा नाम, थर भएका सफल उम्मेदवारलाई निम्न तह र पदमा नियुक्तिका लागि सिफारिस गरिएको तथा प्रतिक्षा सूचिको योग्यताक्रम कायम गरीएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

नियुक्तिकालागि सिफारिस गरिएका उम्मेदवारले नियुक्ति पत्र लिनकालागि नेपाल मेडिकल काउन्सिलबाट प्रमाणपत्र प्राप्त चिकित्सकबाट प्रमाणित गरिएको निरोगिताको प्रमाणपत्र, ३ प्रति पासपोर्ट साईजको फोटो र नागरिकता तथा शैक्षिक योग्यताका प्रमाणपत्रका एक / एक प्रति प्रमाणित प्रतिलिपिहरु, आफ्ना परिवारका सदस्यहरु (बाबु, आमा, श्रीमान / श्रीमति विवाहित महिलाको हकमा सासु, ससुरा) को नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र नियुक्तिका लागि सिफारिस भएका समावेशी समुहका उम्मेदवारले समावेशीताको प्रमाणपत्र सहित मिति २०८१।०६।१५ गते मंगलबार दिउसो ११:०० बजे बैंकको दरवारमार्ग स्थित सिकाई तथा विकास विभागमा सम्पर्क राख्नहुन अनुरोध छ । मिति २०८१।०७।०१ गते देखि पूर्व सेवाकालीन तालिम सञ्चालन गरिने भएको हुंदा नियुक्ति पत्र बुझी तालिममा सहभागी हुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ । साथै नियुक्तिका लागि सिफारिस भएका उम्मेदवारहरु नेपाल सरकार वा नेपाल सरकारको पूर्ण तथा आंशिक स्वामित्व भएका संघ संस्थामा कार्यरत भएमा अनिवार्य रुपमा राजिनामा स्वीकृत भएको प्रमाण पेश गर्नु पर्नेछ । नियुक्तिका लागि सिफारिस भएका उम्मेदवारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र नियुक्ति पत्र लिन सक्नेछन् ।

नियुक्तिका लागि सिफारिस गरीएका उम्मेदवारलाई बैंकको निर्णयानुसार तपसिल बमोजिमका कार्यालयहरुमा पदस्थापन गरिएको व्यहोरा समेत जानकारी गराइन्छ । नियुक्तिका लागि योग्यताक्रम सिफारिस तथा पदस्थापन गरिएको सूचना यस बैंकको सूचना पाटि, Website (www.rbb.com.np) तथा Intranet मा प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## तपशिल

(१) विज्ञापन नं. ५२।२०७९।०८० (वागमती प्रदेश अन्तर्गत (उपत्यका बाहिर) का कार्यालय) तहः ६,
पदः सहायक प्रवन्धक(नगद), सेवा : प्रशासन समूह : नगद पद संख्या : २ (खुला १ र महिला १)

| नियुक्तिकालागि सिफारिस गरिएका उम्मेदवारहरु | | | | पदस्थापन गरिएको | |
|---|---|---|---|---|---|
| यो.क्र.नं. | रोल नं. | नाम, थर | सिफारिस समूह | शाखा कार्यालय | जिल्ला |
| १ | ३५२०१७६ | श्री सृजना नेपाल | खुला | धुलिखेल | काभ्रेपलाञ्चोक |
| २ | ३५२०१३७ | श्री रुमिता धौगोडा | महिला | भरतपुर | चितवन |

प्रतिक्षा सूचिका उम्मेदवारहरु

| यो.क्र.नं. | रोल नं. | नाम, थर | समूह | यो.क्र.नं. | रोल नं. | नाम, थर | समूह |
|---|---|---|---|---|---|---|---|
| १ | ३५२००१२ | श्री अनिष खनाल | खुला | ५ | ३५२००८२ | श्री लक्ष्मी पराजुली | महिला |
| २ | ३५२०१३६ | श्री रोजिना ज्ञवाली पौडेल | खुला, महिला | ६ | ३५२०१३९ | श्री सबिना राउत | महिला |
| ३ | ३५२०१४० | श्री सबिता आचार्य | खुला, महिला | ७ | ३५२०००१ | श्री आशा श्रेष्ठ | महिला |
| ४ | ३५२०१३२ | श्री रीना मानन्धर | महिला | ८ | ३५२०१३३ | श्री रिता भण्डारी | महिला |

सदस्य सचिव
पदपूर्ति समिति
राष्ट्रिय वाणिज्य बैंक लिमिटेड